السفارة النيبالية
الدوحة - قطر

नेपाली राजदूतावास
EMBASSY OF NEPAL
Doha, Qatar

**<u>राजदूतावासबाट पुनः श्रम स्वीकृति प्रदान गरिने सम्बन्धमा</u>**

नेपाल सरकार (सम्माननीय प्रधानमन्त्रीस्तर) को निर्णयबमोजिम गन्तव्य मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगबाट श्रम स्वीकृति प्रदान गर्ने सम्बन्धमा कतारस्थित नेपाली राजदूतावासबाट मिति २०८०/०१/१२ देखि पुनः श्रम स्वीकृतिको प्रक्रिया सुचारु हुने सम्पूर्ण सेवाग्राहीलाई जानकारी गराईन्छ। राजदूतावासको उपलब्ध जनशक्तिको आधारमा हाललाई बढिमा दैनिक ५० वटासम्म टोकन उपलब्ध हुनेछ।

अतः पुनः श्रम स्वीकृतिका लागि पासपोर्ट, कतारी ID Card, करार सम्झौता पत्र, पुरानो श्रम स्वीकृति, कतार आएको मिति आदि प्रष्ट देखिने कागजात अपलोड गर्नुपर्ने भएको हुँदा सोहि बमोजिम तयार गरी देहायको प्रक्रिया अपनाई अनलाईन आवेदन दिनुहुन सम्बन्धित सबैमा अनुरोध छ।

१. पुनः श्रम स्वीकृति लिनका लागि वैदेशिक रोजगार विभागको https://feims.dofe.gov.np/ मा गई *<u>वैदेशिक रोजगारीमा गएका वा जान चाहने व्यक्तिका लागि मात्र</u>।* भन्ने Login मा Click गर्नुहोस्। तत्पश्चात् तपाईले आफ्नो पासपोर्ट नम्बर र पासवर्ड प्रयोग गरी **वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (FEIMS)** मा प्रवेश गर्नुहुनेछ र **श्रम स्वीकृतिका लागि आवेदनमा** Click गरी प्रक्रिया अगाडि बढाई आवेदन दिन सक्नुहुनेछ। यसरी आवेदन दिंदा नयाँ पासपोर्ट लिनुभएको भए सोही पासपोर्टको आधारमा प्रक्रिया अगाडि बढाउनुहोला।
पासवर्ड बिर्सनु भएको अवस्थामा राजदूतावासको labour.doha@mofa.gov.np मा इमेल गरी आफ्नो पासपोर्ट नम्बरसहित रिसेटका लागि अनुरोध गर्नुहोस्। पासवर्ड रिसेट भएको जानकारी तपाईले आफ्नो ईमेलमा नै प्राप्त गर्नुहुनेछ।

२. **वैदेशिक रोजगार व्यवस्थापन सूचना प्रणाली (FEIMS)** मा तपाईको पहुँच स्थापना भइसकेपछि सम्पूर्ण विवरण ताजकिकरण (Update) एवं माग भए बमोजिमको कागजपत्र प्रविष्ट गरी अन्तिममा श्रम स्वीकृतिका लागि आवेदन ठाँउ **दोहा कतार** छनौट गरी आवेदन दिनुहोस्।

३. श्रम स्वीकृतिका लागि तिर्नु पर्ने कल्याणकारी कोष, जीवन वीमा र सामाजिक सुरक्षा कोष (SSF) को रकम सोझै सम्बन्धित व्यक्तिले विद्युतीय भुक्तानी प्रणाली (जस्तैः Connect IPS/eSewa/Khalti बाट) मार्फत तिर्नुपर्नेछ।

४. तपाईले अनलाईन आवेदन कसरी दिने भन्ने विषयको जानकारी **YouTube** मा गई त्यहाँ उपलब्ध भएको आधिकारिक **Tutorial Video** बाट पनि जानकारी लिन सक्नुहुनेछ।

*(नोटः पुनः श्रम स्वीकृति सम्बन्धी कार्यका लागि राजदूतावासमा उपस्थिति हुन नपर्नेसमेत सबैमा सुचित गरिन्छ।)*

२०८० वैशाख ०७
नेपाली राजदूतावास, दोहा।

नेपाली राजदूतावास
दोहा

Phone: +974 44675681/83, Fax: +974 44675680, Po.Box No. 23002, Doha - Qatar
Website: www.qa.nepalembassy.gov.np, E-mail: eondoha@mofa.gov.np